मेरो साप्ताहिक

मेरो साप्ताहिक Mero Saptahik

वर्ष : ५ • अंक : ३ • पूर्णांक : २०२ • वि.सं. २०८० मंसिर १५ मंगलवार • ने.सं. ११४४ कछलागा अष्टमि • 2023 December 5 • पृष्ठ ८ • मूल्य रू. १०।-

कोप - २८ मा नेपालको दरिलो उपस्थिति पहिलो पटक नेपालको पेभिलियन

• **मेरो संवाददाता**

काठमाडौं/प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जलवायु परिवर्तनको जोखिममा परेका अति कम विकसित मुलुकले भोग्नुपरेका समस्या सम्बोधन गर्नका लागि वित्तीय लगानी र प्रविधिको परिचालनमा विलम्ब गर्न नहुनेमा जोड दिनुभएको छ।

जलवायु परिवर्तनले उब्जाएको समस्याको विषयमा उहाँले कोप २८ सम्मेलनको उद्घाटनका क्रममा यस्तो धारणा राख्नुभएको हो।

यूएईमा सम्पन्न कोप २८ सम्मेलनमा भाग लिनुभई १७ गते आइतवार नेपाल फर्कनु भएको छ। दुबईका शेख मोहम्मद विन रसिद अल मोक्टुमको आमन्त्रणमा जलवायु परिवर्तनमा संयुक्त राष्ट्र संघको फ्रेमवर्क सम्मेलनमा सहभागी हुन प्रधानमन्त्री प्रचण्ड मंसिर १३ गते त्यता प्रस्थान गर्नुभएको थियो।

प्रधानमन्त्री प्रचण्डले सम्मेलन आयोजना स्थलमा रहेको नेपाल पेभिलियनको पनि अवलोकन गर्नुभएको थियो। उहाँले पेभिलियनमा उपस्थित जलवायु परिवर्तनका क्षेत्रमा क्रियाशील नेपालीहरूलाई सम्बोधन गर्दै जलवायु परिवर्तनको प्रभावलाई न्यून गर्न नेपाल सरकारले चालेका कदमहरू र कोप २८ मा नेपालले उठाउने एजेण्डा र प्राथमिकताका क्षेत्रहरूको बारेमा जानकारी गराउनु भएको थियो। जलवायु सम्मेलनमा पहिलोपटक नेपालको आफ्नो छुट्टै पेभिलियन रहेको थियो।

प्रधानमन्त्री प्रचण्ड सम्मेलनमा भाग लिनुभई आइतवार स्वदेश फर्कनुभएको थियो। उहाँले आफ्नो भ्रमणको बारे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरुलाई जानकारी गराउनु भएको थियो।

माघ ११ गते राष्ट्रिय सभा निर्वाचन

• **मेरो संवाददाता**

काठमाडौं/स्थायी संसदका रुपमा रहेको राष्ट्रिय सभाको एक तिहाई सदस्यका लागि आउँदो माघ ११ गते निर्वाचन हुने भएको छ। निर्वाचन आयोगले सो निर्वाचनका लागि निर्वाचन तालिका समेत सार्वजनिक गरीसकेको छ। निर्वाचन आयोगले उपलब्ध गराएको तालिका अनुसार आउँदो पुस २० गते मतदाता नामावली प्रकाशन गर्ने भएको छ भने पुस २२ गतेसम्म प्रकाशित मतदाता नामावली उपर दाबी विरोधको समय रहेको छ। पुस २२ गते अन्तिम मतदाता नामावली आयोगको वेबसाईट र निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशन हुने आयोगले जनाएको छ।

राष्ट्रिय सभा उम्मेदवारीका लागि पुस २३ गते बिहान १० बजेबाट ३ बजेसम्म मनोनयन दर्ता हुनेछ भने मनोनयन दर्ता पश्चात उम्मेदवारको विरोधमा उजूरी दिने पुस २४ गतेम्म हुनेछ। मनोनयन पत्र र उजूरी उपर जाँचबुझ गरी अन्तिम नामावली पुष २६ गते प्रकाशन हुनेछ भने उम्मेदवारले पुष २७ गते नाम फिर्ता लिने कार्य भए पश्चात उम्मेदवारको अन्तिम नामावली सोही दिन दिउँसो २ बजे गरिने भएको छ। पुस २८ गते निर्वाचन चिन्ह प्रदान गरिएपछि माघ ११ गते राष्ट्रिय सभा निर्वाचन हुनेछ। मतदान केन्द्रमा नै मतगणना कार्य समेत गरिनेछ।

राष्ट्रिय सभा सदस्यको उम्मेदवार हुनका लागि प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली तर्फको उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३० र प्रदेश सभा सदस्य निर्वाचन ऐन,२०७४ को दफा ३० मा भएको व्यवस्था अनुसार सोही दफाहरुको उपदफा (१) को प्रतिवन्धात्मक वाक्यांश बमोजिम नाम हटेको अवस्थामा बाहेक राष्ट्रिय सभा सदस्यको उम्मेदवार हुन नपाउने व्यहोरा समेत सम्बन्धित सबैलाई कार्यक्रम मार्फत आयोगले जानकारी गराएको आयोगका सहायक प्रवक्ता एवं उपसचिव सूर्य प्रसाद अर्यालले जनाउनु भएको छ।

दोश्रो हलिं नेवाः न्ह्यसःलिसःकासा सम्पन्न

• **मेरो संवाददाता**

काठमाडौं/नेपालभाषा, साहित्य, संस्कृति लगायत विभिन्न पक्षमा शिक्षा दिने हेतुले वर्ल्ड नेवाः अर्गनाइजेशनको आयोजनामा भएको दोश्रो हलिं नेवाः न्ह्यसः लिसः कासा (हाजिर जवाफ प्रतियोगिता)का विजेताहरुलाई गत शनिवार जगत सुन्दर ब्वनेकुथिको हलमा पुरस्कार वितरण गरेको छ।

बागमती प्रदेशका संस्कृति, पर्यटन तथा सहकारी मन्त्री पुकार महर्जनको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा विजेता ल्वंचामरि पुचःलाई एक हजार अमेरिकी डलरसहितको पुरस्कार प्रदान गरिएको छ। यसैगरि अँयूथ्यामरी पुचः दोश्रो, चतांमरी पुचः तेस्रो र प्यारामरी पुचःले सान्त्वना पुरस्कार जितेको हो। विजेताहरुले क्रमशः ८ सय, ६ सय र ४ सय अमेरिकी डलर पुरस्कार प्राप्त गरेका छन्। नेपालभाषाको क्षेत्रमा यो नै अहिलेसम्मको सर्वाधिक राशीको पुरस्कार रहेको छ। वर्ल्ड नेवाः अर्गनाइजेशन नेपाः च्याप्टरका उपाध्यक्ष रमेश मान मुनिकारले संचालन गरेको सो कार्यक्रममा मन्त्री पुकार महर्जनले बागमती प्रदेशले नेपालभाषा सरकारी कामकाजी भाषाको रुपमा मान्यता दिलाउन गरेका क्रियाकलापहरु व्यक्त गर्नुभयो।

कार्यक्रममा संयोजक समन्तश्री रत्न बज्राचार्य, प्रश्न तयारी समुहका संयोजक केशरमान ताम्राकार, केन्द्रका अध्यक्ष संयुक्त श्रेष्ठ, डा. नरेशमान शाक्यका साथै निर्वतमान अध्यक्ष सिजन श्रेष्ठहकरुको भर्चुलमाध्यमबाट भाग लिएका थिए ।

वर्ल्ड नेवाः अर्गनाइजेसन नेपाल च्याप्टरका अध्यक्ष सुरेन्द्रभक्त श्रेष्ठले स्वागत गर्नुभएको कार्यक्रममा जर्मन च्याप्टरका अध्यक्ष एवम् यूरोप कोअर्डिनेटर कुमार नापित, केन्द्रका उपाध्यक्ष शाक्य सुरेन लगायतले मन्तव्य राख्नुभएको थियो।

६ कक्षा देखि १२ कक्षासम्मका विद्यार्थीहरुले भाग लिएको सो प्रतियोगिता शुरुको चरणमा जूम प्रविधिबाट र पछि भौतिकरुपमा संचालन भएको थियो।

कार्यक्रममा साहित्यकार एवम् शिक्षासेवी हितकर वीरसिंह कसाः, अथितिहरु नेवाः पत्रकार राष्ट्रिय दबूका अध्यक्ष नृपेन्द्र लाल श्रेष्ठ, जगत सुन्दर ब्वनेकुथिका प्रिन्सिपल सुनिता मानन्धर, हलिं नेवाः दबू नेपाः च्याप्टरका संरक्षक पंचवीरसिंह तुलाधर, नेपाः राष्ट्रिय पाटीकया अध्यक्ष डा. विजयप्रकाश सैंजु, दबूका केन्द्रीय सल्लाहकार सुरेश प्रधान, प्रा. प्रेमशान्ति तुलाधर, गुथि संस्थानका प्रशासकीय प्रमुख किरण शाक्य, इमेज च्यानलका प्रबन्ध निर्देशक रघुवरभक्त मानन्धर, सुर बहादुर श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो।

जगत सुन्दरमा नेवाः तजिलजि ब्वज्या

• **मेरो संवाददाता**

काठमाडौं/जगत सुन्दर ब्वनेकुथिमा नेवार संस्कार र संस्कृतिसँग सम्बन्धित विविध सामग्रीहरुको प्रदर्शनी गरिएको छ।

काठमाडौं महानगरपालिकाको बूकफ्रि फ्राइडे कार्यक्रम अन्तर्गत गत शुक्रवार ब्वनेकुथिको प्रांगणमा यसरी प्रदर्शनी गरिएको हो।

काठमाडौं महानगरपालिका १५ वडाका अध्यक्ष ईश्वरमान डंगोलको प्रमुख आतिथ्यतामा एक औपचारिक कार्यक्रम आयोजना गरी सुरु गरिएको प्रदर्शनीमा नेवार हरुले मनाउने विभिन्न चाडवाडमा प्रयोग गरिने पूजा तथा खाद्य सामग्रीहरु, जन्मदेखि मृत्युसम्मका संस्कारमा प्रयोग गरिने सामग्रीहरु, मा. जगतसुन्दर मल्लले प्रयोग गर्नुभएका सामग्रीहरु, नेवाः समुदायले बजाउने बाजाहरु, दैनिक जीवन तथा विशेष अवसरमा प्रयोग गरिने विभिन्न सामग्रीहरु, विभिन्न जातीय समूहका औजार तथा उपकरणहरु, जात्रामा प्रयोग गरिने सामग्रीहरु, विभिन्न किसिमका लुगाफाटा तथा गरगहनाहरुको प्रदर्शनी गरिएको थियो। सो क्रममा विद्यालयका विद्यार्थीहरु मात्र नभई काठमाडौंका विभिन्न विद्यालयका विद्यार्थीहरुले समेत प्रदर्शनी अवलोकन गरेका थिए।

ब्वनेकुथिका प्रधानाध्यापक सुनिता मानन्धरका अनुसार ३ हजार भन्दा बढीले सो प्रदर्शनीको अवलोकन गर्नुभएको छ भने यस्ता प्रदर्शनी निरन्तर संचालन गर्न आग्रह गरिएको पनि बताउनु भएको छ।

राष्ट्रियताको लागि समर्पित
मेरो साप्ताहिक
मचा साप्ताहिक Mero Saptahik

प्रकाशक तथा सम्पादक : रत्न काजी महर्जन
सह-सम्पादक : विजय कुमार सिंह
फोटो सम्पादक : प्रबिन महर्जन
व्यवस्थापन : नहकुल महर्जन
प्रेस व्यवस्थापन : नविन सिंह
लेआउट : सुनिता महर्जन
सुर संसार ग्राफिक्स कर्नर
कार्यालय : किलागल, काठमाडौं-२४
सम्पर्क : ५८४१२१५२५०, ०१५५०५२५०
meroweekly@gmail.com
मुद्रण : प्रिन्ट स्काई, काठमाडौं ।

सम्पादकीय

फेरिएको प्रविधि र संस्कृति

समयको परिवर्तनसँगै मानिसहरुको जीवनशैली पनि परिवर्तन हुँदै जान्छ। यसलाई कसैले रोकेर रोक्न सकिँदैन। केही समय अगाडिसम्म भौतिक रुपमा नै गर्नुपर्ने कतिपय कामहरु अहिले भर्चुअल माध्यमबाट समेत सम्भव हुँदै गएका छन्। प्रविधिको बढ्दो विकासका कारण मानिसको रहनसहनमा मात्र होइन संस्कृतिमा नै पनि धेरै फेरबदल आइरहेको छ। यो राम्रो कुरा हो। यसले मानव जीवनलाई सरल र सहज बनाउँदै लगेको छ। आज हामीले कसैलाई केही कुरा सुनाउनु पऱ्यो भने विभिन्न संचार प्रविधिको प्रयोग गरेर सजिलै आफ्ना कुरा सम्बन्धित मान्छेसम्म पुऱ्याउन सक्छौं। प्रविधि यतिको विकसित भइसकेको वर्तमान परिपेक्ष्यमा नेपालको सांस्कृतिक विविधता र मौलिकताको संरक्षणमा भने चुनौति थँपिदै गएको देख्न सकिन्छ। यसले प्रविधिकै कारणले हाम्रो संस्कृति ओझेलमा पर्दै जाने त होइन भन्ने प्रश्न पनि उब्जाएको छ।

कुनै पनि देशको संस्कार, संस्कृतिको विकास त्यहाँको भौगोलिक, सांस्कृतिक एवम् धार्मिक मान्यतासँग जोडिएको हुन्छ। यसका साथै यस्ता संस्कार संस्कृतिले त्यहाँको मानिसहरुको पहिचानलाई पनि जीवन्तता प्रदान गरिरहेको हुन्छ। प्रविधिका कारणले अहिले यस्ता संस्कृति संस्कारमा समेत असर पुऱ्याउन थालेको देखिन्छ। अहिले बिहेको मौसम छ। नेपालीहरुको बिहेको आफ्नै किसिमको सांस्कृतिक परम्परा तथा संस्कार रहेको पाइन्छ। यो पनि जाति विशेषमा फरक फरक पाइन्छ। तथापि विभिन्न टेलिसिरियल तथा चलचित्रहरुको सिको गर्दै आफ्ना संस्कार त्याग्दै आयातित संस्कृतिको नक्कल गर्ने प्रचलन अहिले बढ्दो छ। यसले भोलिका दिनमा हाम्रो पहिचान र हाम्रो संस्कृति के हो भन्ने बुझ्न नै कठिन हुने हो कि भन्ने प्रश्न पनि उब्जाएको छ।

संस्कृतिमा देखिएका अनावश्यक र समयलाई नसुहाउने प्रचलनहरुलाई हटाउँदै लानु पर्छ तर यसको अर्थ आफ्नो संस्कृति त्यागेर अरुको नक्कल गर्नु कदापि होइन। प्रविधिको प्रयोग आफ्नो मौलिकता प्रचारमा गर्नु उपयुक्त हुन्छ न कि अरुको नक्कल गर्नका लागि। यसैले प्रविधिको सही प्रयोग गरौं र हाम्रो संस्कृतिको रक्षा गरौं।

बाला चतुर्दशी : शतबीज छर्नेदेखि सर्पाहुति यज्ञसम्म

✍ सुनिता महर्जन

नेपाली जनमानसमा संस्कृतिले आफ्नै ठाउँ ओगेटेको छ। चाहे त्यो जन्मसँग सम्बन्धित होस वा मृत्यु सित सम्बन्धित होस। संस्कृतिको आधार लिएर पुस्तान्तरण गर्दैआइरहेको छ। हामीले पनि यसलाई निरन्तर मान्दै आइरहेका छौ। हामी मानव मात्रको नभई हामी माझमा रहेका बिभिन्न देव देवीको पनि जन्म दिन मनाइरहेको हुन्छौ। हाम्रो मौलिकतामा भने आजभोलि बाह्य संस्कृतिले अतिक्रमण गर्दै गएको देख्न सकिन्छ।

मानिस जन्मे पछि मृत्यु हुन्छ यो सत्य कुरा हो। नेपालीहरुले मरिसकेका पितृहरुलाई उद्धार गर्ने भनि मरेको एक वर्ष सम्म पुरै र अर्कोवर्ष पछि वर्षको एकदिन सम्झीने गरिन्छ। हामीले उनिहरुलाई श्रद्धा, परित्राण र नेवाः समुदायमा निस्ला दिने भनि (चिउरा, दहि/दुध, रोटि अथवा आजभोलि बिस्कुट, फलफुल विशेष गरि केरा राखि दिने चलन रहेको छ।

संस्कृति विद जितेन्द्र बज्राचर्यालेभन्नु भएको आधारमा भन्ने हो भने हामीले पितृको नाममा श्राद्ध गरिरहनु पर्दैन निस्ला (सिदादान) मात्र दिए पनि पुग्छ। हिन्दू धर्म अन्तर्गत पर्ने थुप्रै चाडपर्व मध्ये बालाचतुर्दशी पर्वको छुट्टै एवं विशिष्ट महत्व रहेको पाइन्छ। प्रत्येक वर्षको हेमन्त ऋतुको मार्गकृष्ण चतुर्दशीमा पर्ने बाला चतुर्दशी पर्वलाई शतबीज रोपण पर्व पनि भनिन्छ। यो पर्व विशेषगरी पितृहरूको उद्धारको निम्ति उनीहरूको सम्झनामा मनाइन्छ।

मार्गकृष्ण त्रयोदशीको साँझमा पशुपतिनाथ लगायत अधिराज्यका अन्य शिवालयमा दीप प्रज्वलन गरी रातभरि जाग्राम बसी भोलिपल्ट अर्थात् चतुर्दशीको दिन शतबीज (धान, जौ, तिल, गहुँ, चना, मकै र नेवाः समुदायमा मुलाको ससाना चक्का,पिडालु र फुल पनि राखि) छर्ने चलन रहेको छ। नेपालको सन्दर्भमा विशेष गरि पशुपति नाथमा हिन्दू धर्मावलम्वीहरुको ठुलो भिड लाग्ने गर्दछ। टाढा टाढाबाट अगाडि नै आई त्यहि बास बसि बिहान चाँडै पशुपति क्षेत्रबाट शुरु गरि मृगस्थलि हुँदै गुहेश्वरी र त्यहाँको वरिपरि घुम्ने चलन रहेको छ।

यस सम्बन्धमा प्रचलित किम्बदन्ति अनुसार भगवान शिवले पार्वतीलाई छलि मृगको रुप लिएर घुम्न गएको बेलामा पार्वतीले ध्यान गरि हेर्दा पशुपतिमा मृगरुपमा विचरण गरिरहेको थाहा पाएपछि शिवरूपी मृगलाई चिन्न पार्वतीले विभिन्न किसिमका बीज छरेको र ती बीज उम्री हरिया भएपछि मृगहरू आउँदा उक्त बथानमा भगवान शिवलाई पार्वतीले चिन्न सकेको भन्ने रहेको छ। यस दिन पुण्य क्षेत्रमा एक गेडा बीज छर्दा त्यत्तिकै परिमाणमा सुन दान गरे बराबरको पुण्य मिल्ने र दिवङ्गत आत्माले पनि मुक्ति पाउने विश्वास गरिन्छ।

यसै धार्मिक विश्वासको आधारमा पशुपति क्षेत्रमा हरेक मंसिरकृष्ण चतुर्दशीका दिन शतबीज छर्ने कार्य हुँदै आएको छ। यस क्रममा १०८ शिवलिङ्गा कैलाश, सूर्यघाट, गौरीघाट, आर्यघाट, गुह्येश्वरी, पशुपति, मृगस्थली, विश्वरूप मन्दिर, किराँतेश्वर मन्दिर आदि ठाउँमा

सतबीज छरिन्छ।

यसै दिन काठमाडौंको इन्द्रायणी (लुति) मा सर्पाहुति यज्ञ गरिन्छ। यस होममा ३२ प्रकारका गेडागुडिसँगै चार प्रकारका जोडि जनावर (फट्याग्रा, माछा, सर्प र भंगेरा) तथा राँगाको टाउको होम गरिन्छ। यस होममा पनि पृथ्वीतत्व र आकाश तत्व विचको सृष्टि र संहारको प्रतिविम्वित गरेको पाइन्छ। यसमा लिएका भंगेरा आकाशमा उड्ने, पानीमा रहने माछा, हावामा उड्ने फट्याग्रा, जल र थल दुवैमा वस्ने सर्पका साथमा राँगाको टाउको बलि दिनुले यहि अर्थ दर्शाउने संस्कृतिविद् विराजकाजी राजोपाध्याय बताउनु हुन्छ। यो होम तान्त्रिक विधिबाट इन्द्रायणि मन्दिरको अगाडि गर्ने गरिन्छ। हजारौ धर्मालम्विहरुको सहभागिमा गर्ने यो होमका क्रममा एक पटक परेवाको जोडिलाई होममा राख्न खोज्दा उडेर एक ठाउँमा बस्न गएको र त्यहि ठाउँ कालान्तरमा बःखुबाट प्रसिद्ध भएको संस्कृतिवद्हरुको भनाइ छ। सो परेवालाई पुनः पक्रिन खोज्दा सिद्ध भइ गएको र परेवाकै नामबाट सो स्थान बखु (हालको विष्णुदेवी मन्दिर रहेको स्थान) रहन गएको किंवदन्ति रहेको छ।

अष्टमि परेको भएर बखुमद अष्टमि भनि सात गाउँ (किर्तिपुर, नगाउँ, बोसीगाउँ, सतुङ्गल, मच्छेगाउँमा नैकाप, ल्होखा) मा जात्रा गर्ने चलन हालसम्म पनि विद्यमान रहेको छ।

बाला चतुर्दशीको सर्पाहुतिका त्रममा होम गरिने जोडी जीवहरु खोज्ने निर्धारित स्थान रहेको छ। सो स्थानमा फेला परेका जीव मात्र होम गर्ने प्रचलन रहेकोमा नभेटिएको खण्डमा नभेटिएको जीवको होम गरिँदैन। सर्पाहुति यज्ञका नामले यो होम प्रख्यात भए पनि समय समयमा सर्प नभए पनि यो होम सम्पन्न गरिने गरिँदै आएको छ। यस होमको खरानी भक्तजनहरुले घरमा लिएर जाने गर्दछन् भने यसले नकारात्मक शक्तिले घरमा दुःख नदिने जनविश्वास रहेको छ।

यसको अलावा काठमाडौंमा शोभाभगवतिको पनि बालाचतुर्दशीका दिन जात्रा गरिन्छ।

यसरी बालाचतुर्दशी वा शतबीज रोपण पर्वको मुख्य सन्देश के हो भने हामीले आफू बाँचेको समाजलाई मात्र नहेरी दिवंगत भएका पितृहरूको पनि सम्झना गर्नुपर्दछ। यसरी पितृको सम्झना गर्नाले एकातिर पितृको समेत उद्धार हुने र अर्कोतिर पितृको आशीर्वादले आफू र आफ्नो परिवारको पनि कल्याण हुन्छ।

रणजित मल्लको प्रेम वर्णन गरिएको 'डेङापा भ्यःया दरबार'

- **केके मानन्धर**

भक्तपुर/नेपालभाषाको 'डेङापा भ्यःया दरबार' बोलको गीत चार दिनमै अरचालीस हजार भन्दा बढी दर्शकले हेरिएको छ। भक्तपुरको विश्वप्रसिद्ध ५५ भ्यालं दरबार तथा तत्कालीन राजा रणजित मल्लको प्रेम सम्बन्धलाई वर्णन गरी तयार गरिएको गीतलाई युट्यूबमार्फत हेर्ने दर्शनहरु दिनानुदिन बढिरहेको छ। जनकवि दुर्गालाल श्रेष्ठको रचना र न्ह्यू बज्राचार्यको संगीतमा तयार गरिएको गीतलाई सत्यनारायण मानन्धरले गाएका हुन्। उनले यसअघि पनि थुप्रै गीत गाएका छन्। गीत र संगीत क्षेत्रमा दसकौं अनुभव संगालेर फरक विधाका गीतमा आवाज भरिसकेका मानन्धरले १७ औं शताब्दीको नेपाल भारत दौत्य सम्बन्ध प्रतिबिम्बित हुनेगरी दुई देशका प्रेमी प्रेमिकाको विषयमा तयार गरिएको गीत गाएका हुन्।

तत्कालीन भारतको बेतियाबाट आएकी बृद्धिलक्ष्मी र भादगाउँका महाराज रणजित मल्लको प्रेम सम्बन्ध, अलौकिक ५५ भ्यालको दरबार, भादगाउँकै विभिन्न ठाउँहरुको विषय गीतमा बर्णन गरिएको छ।

केही दिन अघि औपचारिक कार्यक्रममार्फत प्रिमियर गरिएको म्युजिक भिडियोको लागि भक्तपुरकै विश्व सम्पदामा सुचिकृत विभिन्न ठाउँमा सुटिङ गरिएको छ।

रजनी केसीले निर्माण गरेको म्युजिक भिडियोलाई रियल टाइम स्वरुपमा ढाल्न निर्देशक विश्वास बज्राचार्य र सहनिर्देशक विजनराज बज्राचार्यले निकै मिहिनेत गरेकोदेखिन्छ।काठमाडौंकोजमलस्थित डोरेमी स्टुडियोमा रेकर्ड गरिएको गीतमा गोपाल रसाइलीको संगीत संयोजन रहेको छ भने गीतको मिक्सिङ श्याम बागदासले गरेका छन्। गीतलाई भानुभक्त ढकालले रेकर्ड गराउन प्राविधिक सहयोग गरेका छन्। म्युजिक भिडियोमा कलाकार कर्मा शाक्य र रोजिना सुवालको मुख्य अभिनय रहेको छ।

केही दिनअघि भक्तपुरमा औपचारिक कार्यक्रममार्फत प्रिमियर गरिएको गीतलाई लगत्तै युट्यूबमा अपलोड गरिएको हो। कार्यक्रममा भक्तपुर नगरपालिकाया मेयर सुनिल प्रजापति, जनकवि दुर्गालाल श्रेष्ठ, स्मारक संरक्षण एवम् दरबार हेरचाह अड्डा भक्तपुरका प्रमुख अरुणा नकर्मी, संस्कृति अध्येता ओम धौभडेल, म्युजिक भिडियोकी निर्माता रजनी केसी, निर्देशक विश्वास बज्राचार्य, नेवाः देय् दबूका अध्यक्ष पवित्र बज्राचार्य, कवि विप्लप प्रतिक, लेखक प्रकाश सायमि, लक्ष्मण पलिखेल लगायतको सहभागिता सहभागिता थियो।

तारादेवी र गणेश रसिकलाई सम्मान गरिने

- **मेरो संवाददाता**

काठमाडौं/वाग्गेयकार गणेश रसिक र स्वरकिन्नरी तारादेवीलाई आज (मंसिर १९ गते) नारायणगोपाल स्मृति सम्मान तथा विशेष पुरस्कार प्रदान गरिने भएको छ। स्वरसम्राट नारायणगोपालको ३३ औं पुण्यस्मृतिका अवसरमा नारायणगोपाल संगीत कोषको आयोजनामा गरिने वृन्दवादन समारोहका क्रममा सो पुरस्कार प्रदान गरिन लागिएको हो।

सांस्कृतिक संस्थानको सहआयोजना रहेको सो कार्यक्रमको संयोजन तलेजु धनकुमारी कोषले गर्ने भएको छ।

स्वरकिन्नरी तारादेवीलाई मरणोपरान्त यो सम्मान प्रदान गरिन लागेको हो। २००२ साल माघ २ गते इन्द्रचोकमा जन्मनुभएकी गायिका तारादेवीको २०६२ माघ १० गते स्वर्गारोहण भएको थियो।

लेकाली समूहबाट गायन क्षेत्रमा पदार्पण गर्नुभएका गणेश रसिक गायनका साथै गीत, साहित्य लेखनमा पनि सक्रिय व्यक्तित्व हुनुहुन्छ।

काठमाडौं महानगरब्यापी बाँसुरी बादन प्रतियोगिता

- **मेरो संवाददाता**

काठमाडौं/यही मंसिर २७ गते काठमाडौं महानगरपालिका स्तरीय बाँसुरी बादन प्रतियोगिता आयोजना हुने भएको छ।

२९ औं महानगर दिवसको अवसरमा महानगर स्वर्णिम योजना 'सांस्कृतिक महानगर' कार्यक्रमअन्तर्गत परम्परागत बाद्य सामग्री तथा शैलीको संरक्षण गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको हो।

प्रतियोगितामा सहभागी हुन इच्छुकहरुका लागि सम्पदा विभागले दर्ता फाराम उपलब्ध गराएको छ। इच्छुक समूहले फाराममा नाम ठेगानासहित प्रतियोगितामा कुन बाँसुरी बजाउने हो, ठुलो बाँसुरी (घोर), मध्यम बाँसुरी (माझवाल), सानो बाँसुरी (तीप), स्केलसहितको विवरण भर्नुपर्छ। दर्ता फाराममा टोल, गुथि वा संघ संस्थाका गुरु, कजि, नायःबाट शिफारिस गराउनुपर्छ। यसपछि वडाबाट शिफारिस गराएर मंसिर २० गतेभित्र सम्पदा तथा पर्यटन विभागमा पठाउनु पर्छ।

प्रतियोगितमा सहभागी हुने सर्तका विषयमा जानकारी दिँदै स्वर्णिम योजनाका सम्पर्क व्यक्ति धर्म मुनिकार भन्नुहुन्छ, 'प्रतियोगीले प्रस्तुति हुने दिन परम्परागत भेषभुषा र गरगहना (सुइगार) लगाउनुपर्छ। बजाइने बाँसुरी बाँस, काठ वा प्लाष्टिकमध्ये जुनसुकै भए पनि हुन्छ।'

प्रतियोगिताबाट प्रथम स्थान हासिल गर्नेलाई १ लाख ५० हजार रुपैयाँ र शिल्डमा चाँदीको ठूलो बाँसुरी प्रदान गरिनेछ। दोस्रो पुरस्कार १ लाख रुपैयाँ नगद र शिल्डमा चाँदीको मझौला बाँसुरी तथा तेस्रोमा ५० हजार रुपैयाँ नगदसहित शिल्डमा चाँदीको सानो बाँसुरी प्रदान गरिनेछ। सहभागी सबैलाई प्रोत्साहनस्वरुप १० हजार रुपैयाँ नगद र प्रमाण पत्रसँगै सबै सहभागीलाई प्रमाण पत्र दिइने मुनिकारले जानकारी दिनुभयो। प्रतियोगिता मंसिर २७ गते राष्ट्रिय सभा गृहमा आयोजना हुनेछ।

राम प्रजापति
प्रोप्राइटर
हारती मिठाई भण्डार
(शुद्ध शाकाहारी)
कालिमाटी चोक, टंकेश्वर मार्ग, काठमाडौं।
फोन नं. : ५२७२१९९, मो. ९८०३९८०६९९
यहाँ :- विवाह, व्रतबन्ध, पार्टी, पिकनिक तथा अन्य शुभकार्यको लागि अर्डर अनुसार मिठाईको व्यवस्था गरिन्छ।



नेपालभाषाया साहित्यिक दँपौ पलिस्थाया न्हूगु ल्याः बजारय् वये धुंकल। थःगु प्रति थौं हे सुरक्षित यानादिसँ।

नेवाः एफएम १०६.६ मेगाहर्जय्
हरेक बिहिवार
न्यनादिसँ, न्यंकादिसँ, ब्वति कयादिसँ
जि नं म्ये हालेसः
थीथी सिरपाः त्याका दिसँ।
ब्वतिया निंतिं फोन ल्याः
०१४३३४२२२

Newa FM 106.6 MHz
नेवाः सः
नेवाः एफएम १०६.६ मेगाहर्ज
न्हिच्छि-चच्छि
२४ घन्टा प्रसारण
विश्व न्यंकं प्रत्यक्ष : newafm.com.np
नेपालभाषा एकेडेमिया निंतिं
अनक मिडिया प्रा. लि.
न्यामसिमा, किपः२, ग्वःबाखा।
फोन ल्याः ४३३७२२१, ४३३४२२२
इ-मेल : ankmedia.newafm@gmail.com
ANK MEDIA Media for Social Good
ग्रामो पात्रो

काठमाडौं १२ वडाको जेष्ठनागरिक वनभोज कार्यक्रम

का.म.पा. १२ वडा
जेष्ठ नागरिक सम्मान कार्यक्रम २०८०
काठमाडौं महानगरपालिका १२ वडा कार्यालयको
आयोजनामा टोखा स्थित धार्मिक स्थल सपनतिर्थमा
६८ वर्ष पुरा हुनुभएका जेष्ठ नागरिकहरुलाई
सम्मान तथा वनभोज कार्यक्रम ।
२०८० मंसिर १६ गते शनिवार

का.म.पा. १२ वडा
जेष्ठ नागरिक सम्मान कार्यक्रम २०८०
काठमाडौं महानगरपालिका १२ वडा कार्यालयको
आयोजनामा टोखा स्थित धार्मिक स्थल सपनतिर्थमा
६८ वर्ष पुरा हुनुभएका जेष्ठ नागरिकहरुलाई
सम्मान तथा वनभोज कार्यक्रम ।
२०८० मंसिर १६ गते शनिवार

- **नविन सिंह**

काठमाडौं/गत शनिवार काठमाडौं महानगरपालिका वडा नं १२कार्यालयद्वारा जेष्ठ नागरिक अन्तरगत ६८ वर्ष भन्दा माथी उमेरका लागी स्वच्छ मनोरन्जनका लागि सम्मान तथा टोखास्थित सपनतिर्थमा वनभोजको आयोजना गरियो। उक्त वनभोज कार्यक्रममा १२ वडाका वडा अध्यक्ष बालकृष्ण महर्जनको सभापतित्व तथा कामपा १७ वडाका अध्यक्ष काठमाडौं मनपाका प्रवक्ता नबिन मानन्धर विशेष अतिथिको रुपमा उपस्थित हुनुभएको थियो।

उक्त वनभोजमा उपस्थित जेष्ठ नागरिक ९२ वर्षिय भाइराजा महर्जनद्वारा पानसमा दीप प्रज्वलन गरी औपचारिक कार्यक्रमको शुभारम्भ गर्नुभएको थियो।

उपस्थित जेष्ठ नागरिकहरुलाई खादा ओढाई १२ वडाका अध्यक्ष बालकृष्ण महर्जन तथा १७ वडाका अध्यक्ष तथा का.म.न.पा.का प्रवक्ता नबिन मानन्धरद्वारा दोसल्ला ओढाई सम्मान गर्नु भयो। कार्यक्रममा वडा नं १२ का वडा सदस्य पुष्परत्न प्रजापतिले आफ्नो वडाका जेष्ठ नागरिकहरुलाई वर्षको एक दिन भएपनि यसरी मनोरन्जन दिन पाएकोमा हर्षित भएको बताउनु भयो। कार्यक्रममा १२ वडाका ९० वर्षभन्दा माथिका जेष्ठ नागरिकहरुलाई सम्मानपत्रका साथ विशेष सम्मान गरिएको थियो।

कार्यक्रममा मन्तब्य राख्नु हुदै १२ वडाका वडाध्यक्ष बाल कृष्ण महर्जनद्वारा जेष्ठ नागरिकहरुको आवश्यक्तालाई कुनै कमिकमजोरी हुन नदिने र आवश्यक्ता परे जस्तोसुकै कार्य गर्न तत्पर रहेको बताउनु भयो।

कार्यक्रम १२ वडाका वडा सदस्य नानी हेरा डंगोल र परिचारिका रजीना डंगोलले संचालन गर्नुभएको थियो। सो वनभोज कार्यक्रममा लगभग तीन सय जना जेष्ठ नागरिकहरुको सहभागिता रहेको थियो।

दोलखा नेवार भाषा

नेवाः देय् दबू नेपाल देशयेतु थिगुर ङ्वाकु कुठी खेउँ

✍ **बालकृष्ण श्रेष्ठ पासा**

दोखुनु भाजु मैजुन् उ खँ त दुपान नुगर्ननसि मनकु कायेन् थुकेइलौ कि नेवा देय् दबू हङ हाती खेउँ हङ्न् ।

यैं भाषालान् न्वन्हार्न नेवाः देय् दबू हङ द्वाल्खा नेवार खँन् हरिमल्नसिन् नेवार देशय् डोबर खेउँ । आउ डोबर हत्नसिन् मिपे हूल ग्वार्मुङन् च्वइँत दकेय् ठाइँ हङ्न् थुकेइमल । तर छिजि द्वाल्खा खँलान् हरिमल्नसिन् प्याखन हुकेय् ठाइँ वा हातिङ् जात्रा डाकेइत कत् थुकेइत भातिचा थात ल्वाप्ठोङन् डोङ पिकुना चुकेय् ठाइँ त डोबर हङ्न् सिके तये दमु । थिगुर ट्वालय् दात्तिकु दके तये यिनागु ठाइँय् जउखउकु हातिङ् अप्ट्यारो म्वजुके हतिइथि म्वप्वंके गिब्लानुं अवरोध म्वजुके दकेय् ठाइँकु मिपेन् ग्वार्मुङन् च्वइँरि ज्येखँकु नेवारपेन् घत्कें हाखेन जुये लागिन्तु उ नाम ट्वाक्स्याङन् नेवार देशय् डोबर हङ्न् नेपाल राज्यभरय् नेवारपिस्त थिथलकु तइमल हङ उद्देश्य तयेन् उ कुठी (संस्था)य् नाम नेवाः देय् दबू (नेवार देशय् डोबर हङ्न् तये खेउँ ।

उ नेवार देशय् डोबर हत्नसिन् छिजि द्वाल्खामिपिस्त भातिचा म्वलउ थिनागु चाय् ख्वइँदमु । उ थिगुर हातिं राजनीतिक पार्टीनाप ट्वाक्स्याकु संस्था मखे हङ्न् थुकेइमल्गु दमु । उ दुपान स्वाक्टाउ मिपिसिन् थउ येउता राजनीतिक पार्टीकु च्वंगु जुर्सं उ कुठी (संस्था) त राजनीतिक ल्याखान् स्वइमजि । नेपाल देशय् दुपान दउ १३गुर जिल्ला त नेवारपे लागिन् नेपाल मण्डलय् थिगुर विशेष ठाइँय् मान्यता बियेन् तरै । आमु जिल्ला दुपान च्वंगु नेवारपिसिन् न्वन्हाय् भाषा त नेपाल भाषा हङ्न् हतै । आम झिम्सोंगुर जिल्ला दुपान दोलखा, सिन्धुपाल्चोक व काभ्रेपलाञ्चोक लकु जुर । खास येङन् नेपाल भाषा हत्नसिन् स्वनिग देश (यैं, यल व ख्वप) च्वंगुपिसिन् न्वनहाय् भाषा हङ खँ जुयेन्च्वन तर आउय् स्थितिकु उ खँ मखे कि नेपाल भाषा ७७गुर जिल्ला दुपान च्वंगुपिसिनुं न्वन्हाय् दमु । भौगोलिक ठाइँय् ल्याखान् गुलि मूलौं पायेन् ओन आम ल्याखान् खँ ल्हाय् तरिका पायेन् उइँफरै । गिथि कि यैं देश दुपानतु चक्रपथ दुपानय् मिपिसिन् न्वन्हाय् खँ व पिपानय् नेवारपिसिन् न्वन्हाय् खाँग्वारातु पाउ खोइँदमु । आन्थितु थिगुर जिल्लाय् साँधसिमा त्वार्त ओङन्लि मेबु ठायँय् भाषा ब्यागल जुयेन् ओंगु खोइँ दमु ।

हाबिय् खँय् (इतिहास) आधार कायेन् खँ ल्हाइमल्नसिन् नेवार भाषाय् थालनी द्वाल्खालान् जु खेउँ हङ्न् घत्कें ब्वङ पतिधुन्दु नेपाल टेलिभिजनकु स्वयूखोङ दमु । उ भाषा दुपान किरातकालय् ब्यालान्नसि ल्हाय् जुइमल्गु थिगुर जगय् आड खेउँ । द्वाल्खाय् ल्याखाकु उ नेवार भाषाय् थउतु आखर मदइरिकु हाति कमीकमजोरी दमुले ? हरित वा नेवार भाषाय् आखर लिपि रञ्जना हङ्न् तरै । तर उ आखर भोटलान् प्रभावित जुयेन् पितयेउ खोइँदमु । द्वाल्खाय् द्यउ देगलकु दउ घण्टी, थाम, अंगल ज्ञान काइमल्गु खेउँ आम्लिजुकुन् ब्वइँरि सेयँरि ज्ये येकुतन् । इथिजुर्न पिपानय् प्रजापिसिन् हातिं ज्ञान काइरि ब्यालातु मदयेलागिन् आनागु आखर (लिपि) मसये जुर । यिनागु कारण न तु हातिं ज्येखँय् बारेकु च्वइकाइ मल्नसिन् पिपानलान् मिपेन् म्वालेन् हायेन् ज्ये वाउतन् । इथि जुये लागिनुं थउ भाषा व आखर त विकास येरि मफयेन् च्वङ खोइँदमु ।

हो यिनागु ज्येखँ त आउन लिय् कयमिचपिसिन् ठाकउ माचाके थउ माय् भाषा व कला संस्कृति त येल्पनुं

छिजि भाषा घत्कें हाबिय् भाषा खेउँ हङ्न् मुथुन् वा हतगु तर यथार्थ हाति खेउँले वयङ् प्रमाण वा पित काइ फइमल्दन । छिजि नेवाः मखे नेवार खेउँ । छिजिन् ल्हाय् खँय् आखरकु गिबिङ् ब्वाक्टा व बच्छि आखर मछ्याल्गु तर नेपाल भाषा हङ आखरकु लिखनय् आखर मतयेन् छ्यालेन् तये खोइँदमु । हङ अर्थ हाति हर्स नेवार भाषाय् बुय् ठाइँतु द्वाल्खा खेउँ, मिपेन् ज्येरित, जागीर नइत आले प्याटा लहित थिठाइँ च्वइँ म्वखोङ कारण आखर ब्वइँत सेइँत ब्याला मदउ जुर ।

धुन्दु च्वयेन्तये भाषापेन् स्वर्न गुङ् संस्कृतिलान्, गिबिङ् नेपाल भाषालान् च्वयेन्तये खोइँदमु हर्स द्वाल्खा खँलान्तु च्वयेन्तये प्रमाण मदये लागिन् छिजिन् देवानगरीलान् तु ज्ये छ्यालेन्च्वङ खोइँ दमु । हो यिनागु खँय् पुरान् खँ पिस्त पितकायेन् छिजि भाषा, आखर (लिपि), संस्कृति व सम्पदाय् संरक्षण येरिलागिन्तु उ नेवार देशय् डोबर नाम तयेन् थिता उदाहरणीय कुठी पितकाये खेउँ हङ्न् थुकेइ मल्दन ।

छिजि भाषा घत्कें हाबिय् भाषा खेउँ हङ्न् मुथुन् वा हतगु तर यथार्थ हाति खेउँले वयङ् प्रमाण वा पित काइ फइमल्दन । छिजि नेवाः मखे नेवार खेउँ । छिजिन् ल्हाय् खँय् आखरकु गिबिङ् ब्वाक्टा व बच्छि आखर मछ्याल्गु तर नेपाल भाषा हङ आखरकु लिखनय् आखर मतयेन् छ्यालेन् तये खोइँदमु । हङ अर्थ हाति हर्स नेवार भाषाय् बुय् ठाइँतु द्वाल्खा खेउँ, मिपेन् ज्येरित, जागीर नइत आले प्याटा लहित थिठाइँ च्वइँ म्वखोङ कारण्न आखर ब्वइँत सेइँत ब्याला मदउ जुर । आले मेबु खँ आमताक्कु ब्वङ कुठीङ् मदउजु, जुजु मन्त्रीपे खलक न थउ विद्या सेइँ लागिन् दरबार छैंछैंकुतु गुरुपेन् तयेन् ब्वंकेउजु । आपिस्त गुलि लुओन्के तयेन् जाउमदियेन् ज्येखँ सोंके च्वइँफयेन् थ्वच्वँ हङ्न् हाखेन येइँत थापना येङ उ कुठी खेउँ नेवार देशय् डोबर ।

नेवार देशय् डोबर हङ स्वनिग देशय् जुकुन् कुठी मखे । नेपाल देशय् दोखुनुं प्रदेश व जिल्लाकु समिति दकेइ धोन्जु, अझ टुल्के जुइधोंगु दोखुनुं अधिवेशन व साधारणसभाकु द्वाल्खाय् खेन्नलान् ब्व कायेन् केन्द्रीय तहकु क्वमूलमि (न्वकु- उपाध्यक्ष), ज्येमि टुल्के जुइधोंगु दमु । गिथिकि केन्द्रीय क्वमूलमि (उपाध्यक्ष)कु द्वाल्खाय् ल्यास्म्हा भाजु शान्त श्रेष्ठ, केन्द्रीय ज्येकुमि (दुज) भाजु उपेन्द्र प्रधान थ्येङन् च्वंगुदमु । आन्थितु बागमती प्रदेश समितिकु, यैं जिल्ला समितिकुङ् द्वाल्खामि भाजु बालकृष्ण श्रेष्ठ थ्येंगु दमु ।

जि पदकु म्वच्वङ्गी, च्वङ मद, इस्त हातिं ज्येखँय् जानकारी मद, इसि यिनागु संस्थाकु स्वाक्माटागु हङ थिनागु खँ पित मकायेन् गुने नापं पूर्वाग्रही मतयेन् राजनीतिक ल्याखान् म्वस्वयेन् छिजि लाङाकु येउ पाउनापे हाखेन द्वाल्खामिय् इज्जत तइत गुनुङ लिमचिलिलौ । छिजि थि जुर्गुहर्स दोखुसेनुं श्याबास बियेउ ।

नेपालभाषा सिकौं/नेपालभाषा सयेके - १०७

खँग्वः	नेपालभाषा अर्थ	नेपाली अर्थ
गाले, क्रि.	१. गाल्सा संके ।	हम्कनु, पंखा हल्लाउनु ।
	२. गासा वा पंखा संकाः म्व वा कःलि ब्वयूके ।	पंखा चलाएर वा हम्केर छिल्का उडाउनु ।
	३. ग्वंगलं खायात गये ।	भालेले कोरली ठुङ्नु, मैथुन वा सम्भोग गर्नु ।
गाहा, सं.	१. न्यायमी, बनय् ।	ब्यापार, किनबेच ।
	२. पसलय् न्याः वःम्ह मनू ।	गाहकी ।

हलिं नेवाः गुथि गतिविधि

गुथिया स्वक्वःगु परिषद् मुँज्या

• **मेरो संवाददाता**

थक्वाः/हलिं नेवाः गुथिया स्वक्वःगु परिषद् मुँज्या गुथिया मूज्याकू थक्वातय् थ्वहे कछलागाः पञ्चमि (मंसिर १६ गते) क्वचाल ।

गुथिया मूनायः विनोद महर्जनया नायःसुइ जूगु ज्याझ्वलय् संरक्षक शान्तप्रकाश श्रेष्ठ मूपाहाँकथं उपस्थित जुयादीगु खः । ज्याझ्वलय् मू नायः महर्जनं गुथिया योजना न्त्यब्वयादिसें वंगु स्वला दुने जूगु ज्याझ्वःया जानकारी बियादिल । वयूकलं गुथिया कवः व कचात विस्तार याना यंकेगु, एम्बुलेन्स संचालनया निंतिं कुतः यायेगु, गुथिया दुजःपिनि स्वास्थ्य उपचारया निंतिं काठमाडौं भ्याली अस्पतालनाप सम्झौता यायेगु व गुथिया गतिविधि सकसितं सीके बीगु निंतिं मेरो साप्ताहिक व मेरो एंगललिसे सञ्चार सहकार्य यायेगु योजना न्त्यब्वयादिल ।

मूपाहाँ संरक्षक श्रेष्ठं गुथिपाखें हलिमय् च्वंपिं नेवाःतयूत संगठित यायेत ज्याझ्वः न्त्याके माःगुलिसें बैंक, अस्पताल, स्कूल चायेकाः नेवाःतयूत आर्थिकरुपं सक्षम यायेमाःगु खँ तयादिल ।

मुँज्याय् मूत्वकु सुरेश सैंजु, मूदुजःपिं भवानी प्रधान, अक्कलदास महर्जन, सरल गोपाल महर्जन, उमेशप्रकाश श्रेष्ठ, नेवाः बागमति प्रदेशया नायः गौतम कर्माचार्य, यैं जिल्लाया नायः ज्ञानुराजा सिख्वाकार, यैं महानगर समितिया नायः वीरकृष्ण श्रेष्ठ, नेवाः बागमती प्रदेशया सल्लाहकार दीपक नापित, न्वकु जगन्नाथ श्रेष्ठ, रामेश्वरमान सिं डंगोल, उमेश शाक्य, यैं जिल्ला न्वकु शम्भु श्रेष्ठ, स्वनिगः कचा नायः राजेन्द्र मानन्धर, केन्द्रीय प्रतिनिधि रामकृष्ण महर्जन, दाहसंस्कार कजि विश्वमान श्रेष्ठ, स्वास्थ्य कवः कजि डा. रसिला मानन्धर, व्यापाक कवः कजि निमेश श्रेष्ठ, सुचना संचार रामप्रसाद श्रेष्ठ, भाषालिपि तीर्थभक्त स्याउला, कृषि कजि कृष्ण बहादुर श्रेष्ठ व सहलह अस्तेन्द्र महर्जनपिसं नुगः खँ तयादीगु खः ।

इनाप

हनेबहःपिं नेपालभाषाह्यमि रचनाकार भाजुमय्जुपिं !

मेरो साप्ताहिकया नेपालभाषा पौया निंतिं छिकपिनिगु मूवंगु च्वसु बियाः ग्वाहालिया निंतिं इनाप यानाच्वना । नेपालभाषा, सा हित्य, इतिहास, धर्म, संस्कृति सम्बन्धी च्वसुयात थुगु पतिइ विशेष प्राथमिकता बीगु जुइ । लिसें थुगु पौयात च्वन्ह्याकेगु निंतिं छिकपिनिगु सल्लाह सुझावया नं अपेक्षा यानाच्वना ।

स्वापू :

९८४१२१५२५०, meroweekly@gmail.com

नेवाः संस्कृतिसम्बन्धी जानकारी दिनका लागि नेवाः तजिलजि ब्वज्या

सुनिता मानन्धर, प्रधानाध्यापक, जगत सुन्दर ब्वनेकुथि ।

मातृभाषाको माध्यमबाट पठनपाठन गरिने पहिलो विद्यालय जगत सुन्दर ब्वनेकुथिमा नेवाः तजिलजि प्रदर्शन गरिएको छ । सो प्रदर्शनी र ब्वनेकुथिले संचालन गरिरहेका गतिविधिहरुको सम्बन्धमा ब्वनेकुथिका प्रधानाध्यापक सुनिता मानन्धरसँग मेरो साप्ताहिकका लागि सम्पादक रत्न काजी महर्जनले गर्नुभएको कुराकानीको सार यहाँ प्रस्तुत गरिएको छ ।

☞ आज तपाईले जगत सुन्दर ब्वनेकुथिमा नेवाः तजिलजि देखाइरहनु भएको छ । यस्को उदेश्य के हो ?

जगत सुन्दर ब्वनेकुथि भनेको ने.सं. ११११ त्यसो भनेको २०४७ सालको संविधानमा नेपालभाषा अर्थात् मातृभाषाबाट पठन पाठन गर्न सकिन्छ भन्ने प्रावधान राखिसकेपछि स्थापना गरेको स्कुल हो । यस स्कुलले स्थापना कालदेखि नेपालभाषा कलासंस्कृतिको उत्थान गर्ने उदेश्य लिएको हो । जसलाई निरन्तर गर्न पहिला देखि पहल गर्दै आएको र हुँदै आएको छ । गत वर्ष संकिमिला पुन्हिको अवसर पारि नेवाः तजिलजि ब्वज्या भनेर नेवाः संस्कृति, लुगा, गरगहणा विभिन्न भाँडाकुडा राखेर प्रदर्शनि भएको हो । त्यो बेला धेरै जनाले माया गरेर अवलोकन गर्न आएको भएर हामीलाई प्रोत्साहन मिलेको हुँनाले यो वर्ष पनि हामीले नेवाः तजिलजि ब्वजा गरेको हो । यसको उद्देश्य भनेको प्रत्येक व्यक्तिले नेवाःको बारेमा जानकारी पाओस र नेवाः संस्कृति भनेको विश्वलाई नै देखाउन मिल्ने संस्कृति हो यसको सबैमा ज्ञान होस भनेर हामीले यो कार्यक्रम गरेको हो ।

☞ यस प्रदर्शनको लागि सामाग्रीहरुको कसरी व्यवस्थापन कसरी गर्नु भयो ?

हुनत हामीले केही वर्ष अगाडि देखि जगत सुन्दर मिनि म्यूजियम भनेर राखेका छौं । सवभन्दा पहिला यस म्यूजियम हामीले सानो दराजबाट शुरु गरेको हो । त्यो दराज मल्ल प्रधानाङ्ग प्रतिस्थानबाट प्राप्त भएको हो । हामीले थोरै सामानबाट शुरु गरेको म्युजियम पछि अरुलाई पनि हाम्रो म्युजियमको लागि आफुसित भएको सामान सहयोग स्वरुप दिन अनुरोध गर्दा सहयोग प्राप्त भएको हो । दराज भरिएपछि सिकागोका केशर मान ताम्राकारलाई हामीले अर्को दराजको लागि अनुरोध गर्यो । हामीसित अर्को दराज भयो भने सामान व्यवस्थापन गर्न सजिलो हुन्छ भनेपछि तत्काल उहाँले त्यो कुरा पुरा गरिदिनुभयो । त्यो दराज भरिएपछि अरु नेवाःसमुदायका मानिसहरुलाई अनुरोध गरें उहाँहरुले लुगा राख्ने दराज दिनुभयो । यसरी सहयोग प्राप्त भएको सामान हामीले सानो म्यूजियममा सुरक्षित का साथ राख्ने गर्छौं । जसले गर्दा हामीले त्यहि सामान आँगनमा ल्याएर सजाउने मात्र भएर केहि असजिलो भने हुँदैन ।

☞ मिनी म्युजियममा राखिएका सामाग्रीहरु प्रदर्शन भएको एकदिन मात्र हेर्न सकिन्छ कि अरु बेलामा पनि हेर्न सकिन्छ ?

यस मिनी म्युजियममा राखिएको सामाग्री यदि कसैले हेर्न चाहेमा हामीलाई एउटा चिठ्ठी लेख्न सक्नु हुन्छ । उहाँहरु हाम्रो स्कूल खोलेको समयमा आउनु हुन्छ भने स्वागत छ ।

☞ यस नेवाः तजिलजि प्रर्दशनिमा भाग लिनुभएका सहभागिहरुको के कस्ता प्रतिक्रिया पाउनु भएको छ ?

गत वर्ष प्रर्दशन गरेको बेलामा केहि मात्रामा टुट फुट पनि भएको थियो । तर सहभागिहरुले हामीलाई राम्रो छ भनि प्रशंसा गर्नुभयो । जसको कारण यस वर्ष पनि प्रदर्शन गर्न हामीलाई हौसला प्राप्त भएको हो । उहाँहरुले दिनुभएको सल्लाह सुझावलाई हामीले मनन गरी यस वर्ष राम्रो. पार्न कोशिस गरेका छौं । यस वर्ष झन पहिलाको भन्दा धेरै स्कूलहरु र मानिसहरुको सहभागिताले हामीलाई अर्को वर्ष पनि प्रदर्शन गर्न हौस्याएको छ ।

☞ महानगर पालिकाले नेपालभाषालाई पठनपाठनको माध्यम बनाइरहदा आजको यस प्रदर्शनीमा पाठ्यक्रममा मिल्दो जुल्दो सामाग्रीप्रदर्शन गर्नुभएको छ । यो सन्दर्भ मिलेको हो कि तपाईले पाठ्यक्रमको आधारमा शिक्षा मिलोस भनेर प्रदर्शन गर्नुभएको हो ?

हुनत जगतसुन्दर ब्वनेकुथि नेपालभाषाको भाषा, संस्कृति पहिरन रहनसहन प्रवर्द्धन गर्न स्थापना भएको स्कूल हो । गत वर्षका प्रदर्शनिमा भाग लिनुभएका शिक्षकहरुले उहाँहरुको स्कुलमा देखाउन नसकेपनि तपाईको स्कुलमा प्रदर्शन गरेको देखाएर भएपनि हामीले पढाउन सक्छौ भन्ने अनुरोध गर्नुभएको कारण हामीले पाठ्यक्रमको सन्दर्भमा मिलेका र थप सामग्रीहरु राखि प्रर्दशन गरेका छौं । काठमाण्डौ महानगर पालिकाको यें देय् म्हसिके पाठयक्रममा मिल्दोजुल्दो पनि राखिएको हो । जगत सुन्दर र हामीहरु निकै भाग्यमानि छौं । हामीले अहिलेसम्म स्कूलको बजेटले केहि सामान किनेको छैन । जो कोहि म्युजियम हेर्न आउनु हुन्छ उहाँहरुले म्युजियम हेरिसकेपछि केहि सामानको आवश्यकता छ भनि सहयोग गर्न खोज्नु हुन्छ र हामीले यो सामान भए राम्रो भन्ने वित्तिकै ल्याइदिनु हुन्छ । जसको हामी गर्व गर्छौं भोलि के हुन्छ थाहा छैन तर अहिलेसम्म हामीले हामीलाई डोनेसन आएका सामाग्री राखेका छौं ।

☞ जगत सुन्दर ब्वनेकुथि नेपालभाषाबाट पठ्नपाठन गराउने स्कूल । मातृभाषाबाट पठनपाठन गराउँदा पहिला र अहिलेको अवस्थामा के अन्तर छ ?

स्थापनाकालदेखि अहिलेसम्म धेरै भिन्नता छ किनकि ३०, ३२ साल अगाडि उपत्यकामा नेवाः समुदायको वस्ति बाक्लो छ । घर घरमा नेवाः समुदायमा नेपाल भाषाको प्रयोग हुन्थ्यो । अहिलेको अवस्थामा नेवाः समुदायकै मानिसहरु आफ्ना छोराछोरीसित नेपालभाषामा कुरा गर्दैन । यस स्कूलमा नेवाः समुदायका मात्र विद्यार्थि नभइ गैर नेवाः समुदायका विद्यार्थिहरु पनि भएकोले हामीले त्रिभाषिक माध्यममाबाट पठन पाठन गराउँदै आएका छौं । जसमा नेपालभाषा, नेपालीभाषा र अंग्रेजि भाषाको माध्यम हुन्छ तर कामकाजीभाषा भने नेपाली नै हो ।

पहिला नेवाः समुदायका विद्यार्थीहरु बढि भएको अवस्था र अहिले गैर नेवाःसमुदायका विद्यार्थिहरु बढि भएको अवस्थामा के कस्तो अन्तर पाउनु भएको छ ?

हाम्रो तथ्याङ्कको हिसावले भन्ने हो भने पनि नेपाल भाषा र गैर नेपाल भाषाका विद्यार्थी ५०/५० प्रतिशतले छ । नर्सरि देखि पढेकोले सजिलै नेपाल भाषा बोल्छन् । पछि सहभागि भएका विद्यार्थिको हकमा भने केहि मात्रामा कथिन छ जसलाई हामीले नेपालीभाषाबाट बोलेर नेपालभाषाबाट उल्था गरि सिकाउने गरेका छौं ।

☞ नेवाः तजिलजि ब्वज्या जस्तै अरु यस स्कूलले के के कार्यक्रम गर्दै आउनु भएको छ ?

हामीले नेवाः समुदाएको हेरक चाडपर्व विद्यार्थिहरु सित मिलेर मनाउँदै आइरहेका छौं । जसमा विद्यार्थिको साथमा अभिभावकले पनि सहभागिता जनाइरहेको छ । जस्तै योमरि पुन्हिमा हामीले विद्यार्थि र अभिभावकको साथमा मिलेर योमरि बनाउँछौं अनि सबैले बाँडेर खान्छौं । त्यस्तै सकिमिला पुन्हिका दिनमा विद्यार्थीहरु मिलेर गेडागुडि भुट्छौं अनि सबै मिलेर खान्छौं । त्यसै गरि सिति नखको दिनमा हामीले विद्यार्थीहरुलाई सिकाउँदै पकाउँछौं । जसलाई नर्सरीदेखि १० कक्षाका सबै विद्यार्थीलाई बाँडेर ख्वाउँछौं । हामीले हरेक महिना जति पनि चाडबाड छ नर्सरी देखि सबैलाई यो यस्तो चाडपर्व हो भनि जानकारी सहित मनाउँछौं । यसरी हामीले व्यवहारिक ज्ञान पनि सिकाउँदै आएका छौं ।

☞ यस जगत सुन्दर ब्वनेकुथिका विद्यार्थिले शिक्षा मात्र नभई नेवाः संस्कृति पनि सिकेर जान्छन् ?

विद्यार्थिहरुले शिक्षाको साथमा सस्कृति मात्र होइन बाजागाजा पनि सिक्ने गरेको छ । हामीले कति तहको लागि बाजा सिकाउने भनि पनि राखेका छन् जसमा धिमे, नार्‌खि र मादल पर्दछ ।

☞ तपाईले समय दिनुभएकोमा धन्यवाद । अन्तमा तपाईलाई भन्न छुटेको जस्तो लागेको छ भने भनिदिन अनुरोध गर्दछु ?

जगत सुन्दर ब्वनेकुथि हामी सबैको हो । यसको सम्वर्द्धन गर्नु भनेको हामी सबैको कर्तव्य हो । जगत सुन्दर ब्वनेकुथिलाई माया गरि उत्थान गरिदिन सबैलाई अनुरोध गर्दै हामीलाई समय दिइ हाम्रो बारेमा जानकारी लिनुभएकोमा मेरो साप्ताहिक परिवारलाई धन्यवाद ।

हरेक मंगलवार नेपालभाषाको
रंगीन साप्ताहिक पत्रिका
लहना
व्यवसायिक पत्रकारिता, शैली आवश्यकता LAHANA WEEKLY वा:पौ
खोजी खोजी पढौं ।

मधेस प्रदेशले जित्यो केपी ओली कप

• **मेरो संवाददाता**

काठमाडौं/केपी ओली कप टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि मधेस प्रदेशले त्रिभुवन आर्मी क्लबलाई ११ रनले पराजित गर्दै जितेको छ। शुक्रबार पोखरा रङ्गशालामा भएको फाइनलमा उपाधि जितेको मधेसले आकर्षक ट्रफीसहित पाँचलाख नगद पाएको छ। उपविजेता बनेको त्रिभुवन आर्मीले ट्रफीसहित दुई लाख पचास हजारमा चित्त बुझाएको छ।

मधेसले दिएको १ सय ३६ रनको लक्ष्य पछ्याएको आर्मीले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १ सय २४ रन मात्र बनाउन सक्यो। सोमपाल कामी १६ र विवेक यादवले अविजित २५ रन बनाए पनि आर्मीलाई जित दिलाउन सक्नु भएन।

आर्मीका कप्तान विनोद भण्डारीले ३२, सन्तोष कार्कीले १६, रोहित पौडेलले ५, राजेश बुढामगरले ३, बसिर अहमदले २, भीम सार्कीले २२ रनको योगदान गर्नुभयो। बलिङतर्फ मधेसका कप्तान हरिशंकर साहले सर्वाधिक ४ विकेट लिनुभयो। ४ ओभर बलिङ गर्दै १९ रन खर्चेर ४ विकेट लिनुभएका फाइनल खेलका म्यान अफ द प्लेयर बन्नुभयो। मधेशका कप्तान साह प्रतियोगिताका म्यान अफ द टुर्नामेन्टसमेत बन्दै नगद ३० हजार पाउनुभयो।

प्रदीप पासवानले २ र प्रतीक यादवले १ विकेट झार्नुभयो। यसअघि टस जितेर पहिला ब्याटिङ गरेको मधेसले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १ सय ३५ रन बनाएको थियो। मधेसका विशाल पटेलले ४९, कप्तान हरिशंकर साहले २७, अनिल साह ६, इम्रान शेखले ८, पवन सराफले ९, हिमान्सु दत्तले १४, विशाल सुस्लिङले १०, प्रदीप पासवानले ४, मायन यादवले ३ रन बनाउनु भयो।

बलिङतर्फ आर्मीका साहब आलम र विवेक यादवले समान ३, सोमपाल कामी र बसिर अहमदले १ विकेट लिनुभयो। प्रतियोगिताभर १० विकेट लिनुभएका बागमतीका खेलाडी सन्दीप लामिछाने वेस्ट बलर बन्नुभयो भने बागमतीकै रीत गौतम वेस्ट ब्याट्समान बन्नुभयो। गौतमले प्रतियोगिताभर १ सय ७० रन बनाउनुभएको छ। वेस्ट ब्याटर र बलरले जनही २० हजार पाउनुभएको छ।

प्रतियोगिताको सात प्रदेशका सात, नेपाल पुलिस, त्रिभुवन आर्मी क्लब, एपीएफ र कोशी आयोजनक मदन भण्डारी स्पोर्टस एकेडेमीका दुईगरी १२ टिम सहभागी रहेका थिए।

दक्षिण एसियाली कराँतेमा नेपाललाई २९ स्वर्ण

• **मेरो संवाददाता**

काठमाडौं/ त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा सम्पन्न सातौं दक्षिण एसियाली कराते च्याम्पियनसिपमा नेपालले सर्वाधिक २९ स्वर्ण पदक जित्दै शीर्ष स्थान कब्जा गरेको छ। च्याम्पियनसिपमा नेपालले २६ रजत र ६ कास्य पदक पनि जित्न सफल भएको छ। दुई दिने प्रतियोगितामा भारत २५ स्वर्ण, २२ रजत र १७ कास्य पदकसहित दोस्रो भयो। नेपाल कराते महासङ्घले आयोजना गरेको प्रतियोगितामा बङ्गलादेशले ६ स्वर्ण, ७ रजत र १४ कास्य जित्दै तेस्रो स्थान प्राप्त गर्न सफल भयो।

४ स्वर्ण, १ रजत र १९ कांस्यसाथ पाकिस्तान चौथो, २ स्वर्ण, ८ रजत र २९ कांस्य पदकसहित श्रीलङ्का (एनओसी टिम) पाँचौं तथा दुई कास्यसाथ भुटान छैटौं भयो। प्रतियोगितामा नेपालसहित, भारत, बङ्गलादेश, श्रीलङ्का (एनओसी टिम), भुटान र पाकिस्तान गरी ६ राष्ट्रका एक सय तीन महिला र एक सय ३४ पुरुष गरी दुई सय ३७ खेलाडी सहभागी थिए। विजेतालाई राखेपका सदस्य सचिव टङ्कलाल घिसिङ, खेलकुद विकास परिषद्, बागमती प्रदेशका सदस्य सचिव सूर्यलाल भण्डारी, नेपाल कराते महासङ्घका अध्यक्ष एवं राखेपका पूर्व सदस्य सचिव युवराज लामा, कराते महासङ्घका महासचिव दावा गुरुङलगायतले पुरस्कृत गर्नुभयो।

प्रो. अरुण महर्जन
अरुण दुध डेरी उद्योग
ग्वंग:बुँ, कुलान्तचोक, काठमाडौं । फोन : ०१-४३६०१३३, मो. ९८५१०५८१४२/९८०३५७४८५१
यहाँ दुध, दही, मही, घ्यू, पनिर, बटर, आइसक्रिम, केक आदि पाउनुका साथै
शुभ कार्यको लागि अर्डर बमोजिम सामान उपलब्ध गराईन्छ ।

सुभयानलाई हेटौंडा कप बुद्धिचाल उपाधि

• **मेरो संवाददाता**

हेटौंडा/नेपाल बुद्धिचाल महासङ्घको तत्त्वावधानमा हेटौंडामा भएको एसियन खुल्ला रेटिङ्ग हेटौंडा कप बुद्धिचाल प्रतियोगिताको उपाधि भारतका २३९३ रेटेड शीर्ष खेलाडी सुभयान कुण्डुले हात पार्नुभएको छ। आइतबार भएको नवौं चरणको प्रतिस्पर्धामा ६ जित र ३ बराबर परिणाम निकाल्दै अपराजित ७.५ अङ्क सहित उहाँ प्रतियोगिताको विजेता बन्नुभएको हो।

उहाँले नगद एकलाख २५ हजार रुपियाँ पुरस्कार प्राप्त गर्नुभएको छ। अन्तिम खेलमा बङ्गलादेशका एफएम सरिफ होसेनमाथि जित हात पार्दै एकल विजेता बन्नुभएको हो। उहाँले बराबरी मात्र गरे पनि उपाधि हात पार्नुहुन्थ्यो।

नेपाल खेलकुद महासङ्घ र जिल्ला बुद्धिचाल सङ्घको संयुक्त आयोजनामा गत छ दिनदेखि जारी प्रतियोगितामा ७-७ अङ्क जोड्दै दोस्रो स्थानमा बङ्गलादेशका आईएम मोहमद मिनहाज उद्दिनले नगद ७५ हजार र तेस्रो स्थानसहित भारतका एफएम अरबिन्दर प्रीत सिं नगद ४० हजार रुपियाँ जित्नुभएको आयोजकले जनाएको छ।

मकवानपुर जिल्ला बुद्धिचाल सङ्घका अध्यक्ष मनोज श्रेष्ठको सभापतित्वमा भएको समापन कार्यक्रममा बागमती प्रदेशका सामाजिक विकासमन्त्री कुमारी मोक्तान, नेपाल बुद्धिचाल महासङ्घका अध्यक्ष हेराकाजी महर्जन, नेपाल खेलकुद महासङ्घका अध्यक्ष पर्शुराम बस्नेतलगायतले विजेता तथा उपविजेता खेलाडीहरुलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो। विजयी खेलाडीहरुलाई विभिन्न विधामा गरी नगद पाँच ८७ हजार पाँच सय रुपियाँ तथा ट्रफी प्रदान गरिएको थियो।


भर्ना चाल
नेपालभाषा एम.ए. (M.A) न्हापांगु
सेमेस्टरय् भर्ना चाल
शैक्षिक ढँ २०८०-८१
नेपालभाषा, साहित्य, लिपि, संस्कृति व सोधपत्र
अध्ययनया निति स्वापू तयादिसँ ।
छुं नं विषयलय् स्नातक तगिमय् पास जुइधुंकूपि
न्हयाम्हेसिनं ब्वने दु ।
नां ढुतिना
नेसं ११४४ कछलाथ्व ४ - कछलागा १४ तक
(२०८० मंसीर १-२५ गते तक)
ढोषर दस्तुर
मंसीर २६ व २७ गते
प्रवेश परीक्षा
२०८० पौष २ गते मंगलवार
निम्बोसिया १ धर्ने
नेपालभाषा केन्द्रीय विभाग
पाटन संयुक्त क्याम्पस परिसर, ललितपुर, नेपाल
५२५८४९४ , ९८४३६१७६१९
९८४१७९७०३८ ९८५१०९१५१७

कविलास दर्शन गराई धिमेबाजा प्रशिक्षण समापन

• **मेरो संवाददाता**

काठमाडौं/गतवर्ष सुरुभएको काठमाडौं रक्तकालीस्थित भक्त विद्याश्रमका विद्यार्थीहरूको धिमेबाजा प्रशिक्षण नुवाकोट कविलास नासःद्यःमा गएर समापन गरिएको छ। ५० जना विद्यार्थीले भाग लिएको सो प्रशिक्षण का.म.पा. १८ वडाको आर्थिक सहयोगमा सुरु गरिएको थियो। विद्यालयका प्रधानाध्यापक सुदर्शन कट्टेलको विशेष भूमिकामा सुरु भएको उक्त कार्यक्रम संयोजक सानुराजा महर्जनको नेतृत्वमा सुरु गरिएको थियो।

नाट्यश्वर गाना बजाना र तृत्यको प्रतीक भएकोले उक्त स्थानलाई प्रशिक्षण समापको निम्ति छानिएको प्रशिक्षणका संयोजक सानुराजा महर्जनले बताउनुभयो। प्रशिक्षण समापन कार्यक्रममा प्रशिक्षार्थी विद्यार्थी, संयोजक सानुराजा महर्जका साथै विद्यालयका शिक्षिका सुजिता शाही र कल्पना श्रेष्ठको उपस्थिति रहेको थियो। विद्यार्थीहरूलाई धिमेबाजाको प्रशिक्षण कृष महर्जन र ईशान महर्जनले दिएका थिए।

'समाजया किपा' सार्वजनिक

• **मेरो संवाददाता**

ललितपुर/नानीमैया श्रेष्ठको दोश्रो पुस्तकको रुपमा 'समाजया किपा' गत बुधवार सार्वजनिक गरिएको छ। ईलोहं प्रकाशनले बजारमा ल्याएको सो पुस्तक सार्वजनिक गरिएको कार्यक्रममा नेपालभाषा केन्द्रीय विभागका प्रमुख उपप्रा. डा. राजनलाल श्रेष्ठ, लोकसाहित्य परिषद्का अध्यक्ष राजितबहादुर श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो। कार्यक्रम प्रकाशनका अध्यक्ष नरेशवीर शाक्यको सभापतित्वमा भएको थियो।

चित्तरन्जन नेपालीप्रति श्रद्धाञ्जली अर्पण

• **मेरो संवाददाता**

काठमाडौं/नेपालभाषाएकेडेमीकापूर्व चान्सलर एवम् नेपालसम्बत राष्ट्रिय न्हूदँ समारोह समितिका पूर्व अध्यक्ष चित्तरन्जन नेपालीलाई गत शनिवार एक कार्यक्रम गरी श्रद्धाञ्जली अर्पण गरिएको छ। नेपालभाषा साहित्यमा विशिष्ट योगदान दिनु भएका अन्वेषक, समालोचक चित्तरन्जनको स्मृति सभा एकेडेमीका चान्सलर यज्ञरत्न धाख्वाःको सभापतित्वमा भएको थियो।

कार्यक्रममा सहभागी सबैले दिवंगत चित्तरन्जन नेपालीको सुगतिको कामना गर्दै उहाँको तस्वीर अगाडि एक एक वटा दियो बालेर श्रद्धाञ्जली अर्पण गरेका थिए। साथै उहाँको आत्माको चिरशान्तिको कामना गर्दै विविध धार्मिक परम्परा अनुसार पाठ गरिएको थियो।

कार्यक्रममा न्हूदँ समारोह समितिका सल्लाहकार एवं एकेडेमीका सदस्य प्रा. प्रेमशान्ति तुलाधर, एकेडेमीका पुर्व सदस्य समालोचक प्रा डा चन्द्रमान बज्राचार्य, स्व. चित्तरन्जनका सुपुत्र मनोज राजभण्डारी , परिवारका अर्का सदस्य मन्जुर राजभण्डारी र नेपालभाषा एकेडेमीका भाइस चान्सलर मल्ल के सुन्दरले चित्तरन्जन नेपालीको गुण स्मरण गर्नुभएको थियो। एकेडेमीका प्राज्ञ सदस्य विजयरत्न असंबरेले संचालन गरेको कार्यक्रममा न्हूदँ राष्ट्रिय समारोह समितिका सचिवालय सदस्य सुजिब बज्राचार्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

हार्दिक श्रद्धाञ्जली

जन्म मिति
वि.सं. २००६/०७/१६

स्वर्गारोहण
वि.सं. २०८०/०८/०७

स्व. शेर बहादुर कुसुले (मोती)

यस मेरो साप्ताहिकका शुभचिन्तक प्रेमबहादुर कुसुलेको

पूजनीय पिता शेरबहादुर कुसुले (मोती)को

यही २०८० मंसिर ७ गते आकस्मिक निधन भएको

दुःखद घडीमा शोक सन्तप्त परिवारजनले

धैर्य धारण गर्न सकोस् भन्ने कामना गर्दै

दिवंगत आत्माको चीर शान्तिको कामना गर्दछौं ।

राष्ट्रियताको लागि समर्पित
मेरो साप्ताहिक
मचा साझाबिक Mero Saptahik

सगुन सहकारी संस्था लिमिटेड

(सहकारी ऐन २०७४ बमोजिम स्थापित)
क्षेत्रपाटी, काठमाडौं, फोन नं. ५३१६५६६, ५३५८३६६

बार्षिक साधारण सभा सम्बन्धी सूचना

मिति २०५०/०८/१५मा बसेको संचालक समितिको बैठकको निर्णयानुसार संस्थाको २९ औं बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएकोले सदस्य महानुभावहरुलाई उपस्थितिको लागी अनुरोध गर्दछु।

१) उपस्थिति दर्ता	२) सभा बस्ने
मिति २०८० पौष २१ गते शनिवार समयः बिहान १०:०० बजे देखि स्थान नेपा ब्यांक्वेट, ढल्को, काठमाडौं	मिति २०८० पौष २१ गते शनिवार समयः बिहानको ११:३० बजे स्थानः नेपा ब्यांक्वेट, ढल्को, काठमाडौं

क) छलफलका विषयहरुः

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत बार्षिक प्रतिवेदन छलफल सहित पारित गर्ने बारे।
२) लेखापरिक्षण प्रतिवेदन सहित आ.व. २०७९/०८० को वासलात र नाफा नोक्सान हिसाव पारित गर्ने बारे।
३) आ.ब. २०८०/०८१ को लागि लेखापरिक्षकको नियुक्ति तथा पारिश्रमिक तोक्ने बारे।
४) २९ औं बार्षिक साधारण सभाको निर्णयपुस्तिकामा हस्ताक्षर गर्न शेयरधनी सदस्यहरु मध्येवाट ७ जनाको प्रतिनिधि तोक्ने बारे।
५) सुरक्षित पूँजिकोष वितरण गर्ने बारे।
६) आ.व. २०८०/०८१ को बजेट स्विकृत गर्ने बारे।
७) आ.व. २०७८/०७९ र २०७९/०८० सहितको नाफाबाट संचालक समितिले प्रस्ताव गरेको अनुसार सदस्यहरुलाई १०.६९% नगद लाभांश दिने बारे।
८) संचालक तथा लेखा समितिको सदस्यहरुको बैठक भत्ता बृद्धि गर्ने बारे।
९) विविध।

महिला हिंसा रोकौं : असल समाज निर्माण गरौं

➢ *महिलालाई कुनै पनि प्रकारका मानसिक र शारिरिक पीडा हुने घटना महिला हिंसाका घटना हुन्।*

➢ *महिला माथि हुने बलात्कार, घरेलु हिंसा, यौन उत्पीडन, एसिड आक्रमण, महिला शिशु हत्या, भ्रूण हत्या, प्रसूति हिंसा, दाइजोका कारण गरिने हिंसा, बोक्सीको आरोप, जबर्जस्ती विवाह, बालविवाह, बहुविवाह, कुटपीट, मानसिक यातना, धम्क्याउने, जिस्काउनेजस्ता कार्य महिला हिंसा हुन्।*

➢ *यस्ता घटनाहरु नजिकका आफन्त तथा नातेदार, छिमेकी, साथीभाई, सहकर्मी र अपरिचित व्यक्तिबाट प्रत्यक्ष वा सामाजिक सञ्जाललगायतका माध्यमबाट समेत हुन सक्दछ।*

➢ *यस्ता घटना भएमा तत्काल प्रहरीमा खबर गरौं, त्यस्ता व्यक्तिलाई कानूनी दायरामा ल्याऔं।*

महिला हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड